१४४

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. २२८/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..............................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, मकवानपुर ..................१ विपक्षी
सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, मकवानपुर .................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, मकवानपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम शहरी विकास तथा भवन निर्माण विभाग, भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र, मकवानपुरको मिति २०७१।१०।२२, च.नं.२३६, प.सं. ०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना यस आयोगको नाममा प्रेषित गरी बोधार्थ पत्रको माध्यमद्वारा निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

..........................
किरण कुमार पोखरेल
(सूचना आयुक्त)

..........................
कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल फागनु २९ गते रोज ६ शुभम् ।